# काठमाडौँ महानगरपालिका
## द्वितीय त्रैमासिक परीक्षा-२०८२
### अनिवार्य नेपाली

**कक्षा : ४** **पूर्णाङ्क : ५०**
**समय : २ घण्टा**

**विद्यार्थीले उत्तर दिंदा सिर्जनात्मक र मौलिक तरिकाले उत्तर दिनुपर्ने छ ।**

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् :** २

फाइबर, अचेत, शपथ, मुखिया , एकता

(क) चेत नभएको ________

(ख) गाउँको मुख्य मानिस ________

(ग) फलफूल, सागपात आदिमा पाइने रेसादार वस्तु ________

(घ) कुनै पद ग्रहण गर्दा गरिने प्रतिज्ञा ________

**२. कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :** २

(क) 'पिता' को उस्तै अर्थ दिने शब्द.........हो । (माता, बुबा, काका)

(ख) 'सानो' को उल्टो अर्थ दिने शब्द........हो । (मोटो, बाक्लो, ठुलो)

(ग) अनेकार्थी शब्द....... हो । ( हिमाल, ताल, भवन)

(घ) 'अन्न' को समावेश्य शब्द..............हो । (गहुँ , काउली , स्याउ)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** ३

आविष्कार, खेतीपाती, मुसुक्क

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :** १

(क) सिसिर शिशिर शिसिर सिशिर

(ख) विश्व बिश्व विश्ब बिश्ब



**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

उ बाघ, भालु, मृग चितुवा आदी जनावर हरू हेर्न चिडियाखाना जान्छ

**६. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :** २

<u>तिमी</u> बुबासित <u>धेरै</u> <u>पैसा</u> मागेर घुम्न <u>गएछौ</u> ।

**७. जोडा मिलाउनुहोस् :** २

| | |
|---|---|
| नामयोगी | आहा ! |
| विस्मयादिबोधक | तर |
| संयोजक | पुलुक्क |
| क्रियायोगी | सँग |
| | है |

**८. उपयुक्त विभक्ति राखी खाली ठाउँ भर्नुहोस् ।** २

(क) हरि ...........किताब किन्यो । (ले, लाई, बाट)

(ख). खोला........ पानी छ । (ले, मा, बाट)

(ग) तपाईंहरू धनगढी.......... आउनुभएछ । (देखि, लाई , ले )

(घ)उसले भाइ.........डाक्यो । (ले, लाई, नो )

**९. दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) तिमी गीत गाउने छौ । (वर्तमान काल)

(ख) गुरु कथा सुनाउनुहुन्छ । (भूतकाल)

(ग) हामी घुम्न जान्छौँ । (भविष्यत् काल)

(घ) गीताले रुमाल बुन्ने छिन् । (भूतकाल)



**१०. दिइएका वाक्यलाई सङ्गति मिलाई लेख्नुहोस् :** ५

(क) तिमी बाँसुरी बजाउने छ ।

(ख) हामी भोलि आउँछ ।

(ग) आमा कपाल कोर्दै छ ।

(घ) मेरा छोरीले गृहकार्य गरी ।

**११. दुवै प्रश्नको उत्तर लेख्नुहोस् :** ८

(क) दिइएको कविताको अंश पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

रिसाइ पाखा पहरा लछार्छिन् ।
ढुङ्गा र मूढा तटमा पछार्छिन् ।
बाढी र पहिरासित गडगडाई ।
थर्काउछिन् पर्वतराजलाई ।

प्रश्न

(अ) सानी नदी कसरी पाखा पहरा लछार्छिन् ?

(आ) सानी नदी तटमा के पछार्छिन् ?

(इ) सानी नदी कोसँग गडगडाउँछिन् ?

(ई) सानी नदी कसलाई थर्काउँछिन् ?

(ख) दिइएको निबन्धको अंश पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

कुरिलो खेतीका लागि बलौटे माटो राम्रो मानिन्छ । खुकुलो माटामा यसका जरा सातआठ फिट गहिराइसम्म पुग्छन् । कुरिलाको गानाबाट टुसाको विकास हुन्छ । गर्मी समयमा टुसाको विकास छिटो हुन्छ भने जाडो समयमा ढिलो हुन्छ । कुरिलाका टुसा खानका लागि उपयुक्त हुन्छन् । यसका टुसा टिपिएन भने बिस्तारै अग्ला हुन्छन् र हाँगाका रूपमा विकसित हुन्छन् । कुरिलाका भाले र पोथी बोट हुन्छन् । तिनलाई चिन्न भने गाह्रो हुन्छ । यसलाई एक पटक लगाएपछि राम्रो स्याहार गरेमा धेरै वर्षसम्म उत्पादन लिन सकिन्छ ।

प्रश्न

(अ) कुरिलो खेतीका लागि कस्तो माटो राम्रो मानिन्छ ?

(आ) समयअनुसार कुरिलोको विकास कसरी हुन्छ ?

(इ) कुरिलाका कुन कुन बोट हुन्छन् ?

(ई) कुरिलोलाई एक पटक लगाएपछि कति समयसम्म उत्पादन लिन सकिन्छ ?

**१२. कुनै एक उद्धरणको आशय वर्णन गर्नुहोस् :** ४

(क) जान्छिन् यिनी समुन्द्र भेट्न
सक्तैन कोही यिनलाई रोक्न ।

(ख) "नारायणहिटी सङ्ग्रहालय शाहकालीन इतिहासको सङ्ग्रह भएकाले यसको सुरक्षा गर्नु हामी सबैको कर्तव्य हो ।"

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

(क) वनभोजको रमाइलो वर्णन गर्दै साथीलाई चिठी लेख्नुहोस् ।

(ख) आफ्ना साथीलाई नयाँ वर्षको अवसरमा दिइने शुभकामना पत्र तयार पार्नुहोस् ।

**१४ . कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

(क) बुँदाका आधारमा जीवनी तयार गर्नुहोस् :

नामः लक्ष्मीप्रसाद देवकोटा

जन्मः वि.सं १९६६ कार्तिक २७ गते लक्ष्मीपूजाका दिन

जन्मस्थानः धोबीधारा काठमाडौं

माताः अमरराज्यलक्ष्मी देवकोटा

पिताः तिलमाधव देवकोटा

शिक्षाः बि.ए., बि.एल., एम.ए.

कृतिहरूः मुना मदन, कुञ्जिनी, म्हेन्दु, शाकुन्तल, सुलोचना, वनकुसुम, महाराणा प्रताप, भिखारी, यात्री आदि ।

कृतिगत विशेषताः स्वच्छन्दतावादी, जातिको महिमा, राष्ट्रप्रेम र संस्कृतिप्रतिको मोह

मृत्युः वि.सं. २०१६ भदौ २९



(ख) 'खेलकुदको महत्त्व' शीर्षकमा दुई जना बिचको संवाद पूरा गर्नुहोस् :

(गाउँको एक चउरमा खेलकुद प्रतियोगिता चलिरहेको छ । त्यस प्रतियोगिता हेर्न श्याम जाँदा बाटोमा रामसँग भेट भएपछि)

रामः ओहो ! श्याम कता हिडेको बिहान, बिहानै ।

श्यामः कता हुनु नि, तल चउरसम्म हिडेको, चउरमा खेलकुद हुँदै छ रे तिमीलाई थाहा छैन र ?

रामः ................................

श्यामः ................................

रामः ................................

श्यामः ................................

रामः ................................

श्यामः ................................

रामः ................................

श्यामः ................................

**१५. कुनै एक शीर्षकमा १०० शब्द नबढाई निबन्ध लेख्नुहोस् :** ५

क. मेरो परिवार

ख.सफा वातावरण

ग. गाई

धन्यवाद !